
# घरको फोहोर कसरी छुट्याउने र व्यवस्थापन गर्ने

# फोहोर फाल्दा नियमहरू पालना गर्नुहोस्।

**①फोहोरलाई प्रकार अनुसार छुट्याउनुहोस् र फोहोरको झोलामा राख्नुहोस्। (कागजातहरू डोरीले बाँध्नुपर्छ।)**

प्रयोग गर्न मिल्ने फोहोरका झोलाहरू रंगहीन पारदर्शी वा सेतो अर्ध पारदर्शी प्लास्टिकहरू हुन्।

| फोहोरका प्रकारहरू | फोहोरका उदाहरणहरू |
|---|---|
| जलाउन मिल्ने फोहोर | खाद्य फोहोर, कागजको फोहोर जस्तै टिस्यु, प्लास्टिकका सामानहरू, आदि।  |
| जलाउन नसकिने फोहोर | सिसाका भाँडाकुँडा, प्लेट, प्यान, साना विद्‌युतीय उपकरणहरू, आदि।  |
| बोतल र क्यानहरू | खाली पेय पदार्थ र डिब्बाबंद खानाका क्यानहरू, खाली खाना र पेय पदार्थका बोतलहरू, आदि।  |
| प्लास्टिकका बोतलहरू | पिउने पानी, मादक पेय पदार्थ र सॉसहरू का प्लास्टिकका बोतलहरू  |
| प्लास्टिक कन्टेनर र प्याकेजिङ | क्यान्डी ब्याग, लन्च बक्स, स्याम्पु र डिटर्जेन्ट कन्टेनर, आदि।  |
| कपडाहरू | लुगा, टावल,ब्लांकेट आदि।  |
| कागज | अखबार, कार्टुन बक्स, कागजका डिब्बाहरू, बिभिन्न कागज (खाली क्यान्डी बक्सहरू, पत्रिकाहरू, आदि) |

| | |
|---|---|
| |  |

**<u>②फोहोर फाल्ने दिन पत्ता लगाउनुहोस् ।</u>**

फोहोर तोकिएको दिनमा मात्र फाल्न सकिन्छ। गलत दिनमा फालिएको फोहोर सङ्कलन गरिने छैन।
आफ्नो फोहोर कुन दिनमा फाल्ने भनेर हेर्नको लागि सङ्कलन तालिका हेर्नुहोस्।

विदेशी भाषा सङ्कलन तालिका
(त्यहाँ तीन संस्करणहरू छन्: अंग्रेजी, चिनियाँ, र पोर्चुगिज।)

यदि तपाईंलाई आफ्नो सङ्कलन कोर्स नम्बर थाहा छैन भने, कृपया सङ्कलन व्यवस्थापन विभागमा (टेलिफोन ०४९-२३९-५०५८) कल गर्नुहोस्।


**<u>③कृपया बिहान ८ बजे भित्रमा संकलन स्थानमा राख्नुहोस्।</u>**

सङ्कलनको अघिल्लो दिन वा पछि यसलाई बाहिर नराख्नुहोस्।

**<u>④ठूला वस्तुहरू सङ्कलन स्थानमा राख्नु हुँदैन।</u>**

५० सेन्टिमिटरभन्दा ठूलो फोहोर, जस्तै फर्निचर र विद्युतीय उपकरणहरू, सङ्कलन स्थानमा फाल्न सकिँदैन। डिस्पोजल निर्देशनहरूको लागि व्यवस्थापन गर्न कृपया रिसोर्स रिसाइक्लिङ्ग प्रवर्द्धन डिभिजन (टेलिफोन ०४९-२३९-६२६७) मा कल गर्नुहोस्।

**<u>⑤निम्न फोहोर सङ्कलन गरिँदैन:</u>**



टेलिभिजन, रेफ्रिजरेटर, वाशिङ मेसिन, एयर कन्डिसनर, कम्प्युटर, कारका पार्टपुर्जा, आदि।
व्यवस्थापन गर्न कृपया रिसोर्स रिसाइक्लिङ्ग प्रवर्द्धन डिभिजन (टेलिफोन: ०४९-२३९-६२६७) मा कल गर्नुहोस्।

**<u>⑥कम्पनी वा पसलबाट निस्कने फोहोर व्यवस्थापन गर्न सकिँदैन।</u>**

व्यवस्थापन गर्न कृपया रिसोर्स रिसाइक्लिङ्ग प्रवर्द्धन डिभिजन (टेलिफोन: ०४९-२३९-६२६७) मा कल गर्नुहोस्।